लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका देउखुरी नेपाल

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ र नियमावली २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने विवरण देहाय वमोजिम रहेको छ ।

## आ. व. २०८०।८१ प्रथम त्रैमासिक(श्रावण-असौज) स्वतः प्रकाशन

### १. कार्यालयको स्वरुप र प्रकृतिः

प्रदेश सरकार (मन्त्रिपरिषद)को मिति २०७४ चैत्र ०६ गतेको निर्णय अनुसार लुम्विनी प्रदेश प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत भई सोही मितिको निर्णयाअनुसार प्रदेश योजना आयोगको गठन गरिएको हो। प्रदेश योजना आयोग विकासमा आधारित संस्था हो। प्रदेशको दुरगामी सोच सहित विकासको अवधारणा तयार गर्ने, योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालिन र अल्पकालिन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रुपमा प्रदेश योजना आयोग गठन भएको हो |

### २. कार्यालयको काम, कर्तव्य र अधिकार

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने

(ग) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने

(घ) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने

(ङ) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने

(च) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने

(छ) प्रदेशको स्थिती पत्र, श्वेतपत्र तयार गर्ने,

(ज) वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

## ३. कार्यालयको कर्मचारी दरवन्दी तथा पदपुर्तिको अवस्था

| सि.नं. | पद | कुल दरबन्दी | पदपूर्ति | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| १ | प्रदेश सचिव | १ | ० | ० | १ | |
| २ | अधिकृत नवौ/दशौ | १ | १ | ० | ० | |
| ३ | अधिकृत सातौ/आठौ | १ | ० | ० | १ | |
| ४ | तथ्याङ्क अधिकृत | १ | १ | 0 | ० | |
| ५ | सहायक पाँचौ/अ.छैठौं(प्र/सा.प्र) | २ | १ | ० | १ | |
| ६ | लेखापाल | १ | १ | ० | ० | |
| ७ | कम्प्यूटर(विविध) | २ | १ | ० | १ | |
| ८ | ह.स.चा. | ३ | ० | ३ | ० | |
| ९ | का.स. | ३ | ० | २ | १ | |
| १० | जम्मा | १५ | ५ | ५ | ५ | |

## ४. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी तथा सम्बन्धित शाखा प्रमुख

| क्रं.सं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | पोषन राज भण्डारी | प्रशासकीय प्रमुख | |
| २ | तथ्याङ्क शाखा | मेघराज पौडेल | तथ्याङ्क अधिकृत | |
| ३ | विकास व्यवस्थापन र समन्वय तथा कर्मचारी प्रशासन शाखा प्रमुख | डोलराज बोहरा | सहायक पाँचौ | |
| ४ | आर्थिक प्रशासन शाखा | चन्द्र वहादुर वली | लेखापाल | |
| ५ | जिन्सी शाखा | सुरेश चौधरी | कम्प्युटर अपरेटर | |

### ४। निर्णय गर्ने अधिकारी

प्रशासकीय प्रमुख पोषन राज भण्डारी

### ५। उजुरी सुन्ने अधिकारी

## ७. यस अवधि (प्रथम-त्रैमासिक) मा सम्पादित मुख्य मुख्य कामको विवरण

- दोस्रो आवधिक योजनाको अवधारणापत्र तर्जुमाका लागि छलफल तथा अन्तरक्रीया
- सरोकारवालाहरुसंग दोस्रो आवधिक योजना सम्बन्धी अन्तरक्रियात्मक छलफल कार्यक्रम
- लुम्बिनी प्रदेशको वस्तुस्थिति तर्जुमा
- आयोगको पूर्ण वैठक तथा नियमित वैठक

## ८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम तथा पद

**कार्यालय प्रमुख : पोषन राज भण्डारी, प्रशासकीय प्रमुख**

**सूचना अधिकारी : डोलराज वोहरा, सहायक पाँचौ**

## ९. ऐन, नियम, निर्देशिका

**दोस्रो आवधिक योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०**

आवधिक योजना तर्जुमाका लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि २०८०

प्रदेश अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन २०७५

शोधवृति सम्बन्धी कार्यविधि २०७८

प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड २०७६

## १०. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

रु. लाखमा

| सि.नं. | क्रियापलाप | वार्षिक वजेट | असौज महिनासम्मको खर्च | बाँकी वजेट |
|---|---|---|---|---|
| १ | **चालु** | 28417000 | 2673871 | 25743129 |
| २ | **पुजीगत** | 10810000 | 0 | 10690339 |

## ११. कार्यालयको सम्पर्क विवरण

टेलिफोन नम्वर : ०८२-४१३१०५

इमेल : **infoppc.p5@gmail.com**

वेबसाइट : **ppc.lumbini.gov.np**

## १२. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :

माग भएको सूचना : ० पटक

दिइएको सूचना : ० पटक

## १३. यस अवधिमा प्रकाशित प्रकाशनहरु

- आवधिक योजना तर्जुमाका लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि २०८० स्वीकृत ।